नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**व्यावसायीक तथा सीप विकास तालिम प्रतिष्ठान**
बुटवल, रुपन्देही
फोन नं. ०७१-५३०१३८

**विषयः प्रशिक्षकको सूची (Roster) सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मितिः-२०८०।०४।१४**

प्रस्तुत विषयमा यस प्रतिष्ठानद्वारा आ.व. २०८०/०८१ मा संचालन गरिने सीपमूलक तालिमको प्रशिक्षक आवश्यक भएको हुँदा व्यावसायिक तथा सीप विकास तालिम संचालन निर्देशिका २०७७ को दफा १८ मा भएको व्यवस्था बमोजिम प्रशिक्षकको सूची तयार गर्ने प्रयोजनका लागि तपशिल बमोजिमको विषयको प्रशिक्षकको सूचीमा समावेश भई यस प्रतिष्ठानले तोकेको समय र स्थानमा प्रशिक्षण सेवा उपलब्ध गराउन ईच्छुक तोकिएको योग्यता र अनुभव भएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै दरखास्त फाराम प्रतिष्ठानको वेब साईट www.vstbutwal.gov.np मा समेत राखिएको छ।

| क्र.सं. | तालिमको विषय | क्र.सं. | तालिमको विषय |
|---|---|---|---|
| १ | विद्युत जडान (Advance) | ९ | डकर्मी (सीपमुलक) |
| २ | व्यूटिसियन (Advance) | १० | मन्टेश्वरी (सीपमुलक) |
| ३ | कटाई सिलाई (Advance) | ११ | Care Giver (सीपमुलक) |
| ४ | कटाई सिलाई (सीपमुलक) | १२ | वेटर वेट्रेस (सीपमुलक) |
| ५ | हाउस किपिङ (सीपमुलक) | १३ | वारिष्ट्रा (सीपमुलक) |
| ६ | कुक (Food & baverage Servicces) (सीपमुलक) | १४ | फेसन डिजाइन (सीपमुलक) |
| ७ | पलम्बिङ्ग (सीपमुलक) | १५ | इलेक्ट्रिक मोटर रिवाइडिन्ड(सीपमुलक) |
| ८ | सिकर्मी (सीपमुलक) | | |

१. प्रशिक्षकको लागि चाहिने योग्यता र अनुभव सम्बन्धि विवरणः-

| सि.नं. | पद र नाम | शैक्षिक योग्यता |
|---|---|---|
| क | प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट स्नातक तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र/डिप्लोमा तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको र कम्तिमा ५ वर्षको कार्यअनुभव भएको वा सम्बिन्धित विषयमा सीप तह ३ उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव भएको। |
| ख | सहायक प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र डिप्लोमा तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह ३ उर्त्तिण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह २ उर्त्तिण गरी ३ वर्षको कार्य अनुभव भएको। |

२. उद्यमशिलता विकास तालिमको लागि प्रशिक्षक सूचीमा राख्दा पाठ्यक्रममा उल्लेखित सम्बन्धित विषयमा स्नातक उपाधी हासिल गरी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेको हुनु पर्नेछ।

**द्रष्टब्यः**

१. दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित विषयको तालिमको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातहरुका प्रतिलिपीहरु संलग्न गरी ती प्रतिलिपीहरुको पृष्ठ भागमा व्यक्ति स्वंले सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ।

२. तोकिएको योग्यता पुग्ने भए एक भन्दा बढी विषयमा पनि दरखास्त फाराम पेश गर्न सकिने छ। त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ।

३. योग्यता पुगेका प्रशिक्षकहरुको सूची तयार गरी प्रतिष्ठानको वेवसाईट र सूचनापाँटीमा टाँस गरिने छ। साथै तालिम संचालन गर्ने/नगर्ने अन्तिम निर्णय प्रतिष्ठानले गर्ने हुँदा रोष्टरको सूचीमा सुचीकृत भएता पनि तालिम संचालन नभएमा सूचीकृत भएका व्यक्तिलाई नियुक्ति गर्न प्रतिष्ठान बाध्य हुने छैन।

शाखा अधिकृत